लुम्बिनी प्रदेश सरकार

उद्योग,पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय

उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

पाल्पा, तानसेन

फोन नं.: ०७५-५२०२३२
मो.नं.: ९८५७०६०४३२

**व्यवसायिक तथा सीपमूलक तालिम प्राप्त गर्न इच्छुक व्यक्तिहरुले आवेदन पेश गर्ने सम्बन्धि सूचना।**

प्रथम पटक प्रकाशित मिति २०८०।०९।०५

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने तपसिल बमोजिमका व्यवसायिक तथा सीपमूलक तालिममा सहभागी हुन ईच्छुक व्यक्तिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल : csiopalpa@gmail.com मार्फत तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | तालिमको विवरण | सहभागी संख्या | तालिम अवधि | तालिम सञ्चालन हुने मिति र स्थान |
|---|---|---|---|---|
| १. | Dhaka Weaver Training ४५४ घण्टे | ३० जना | ४५४ घण्टा | पछि तय गरिने |
| २. | Plumbing and House Wiring Training ३९० घण्टे | १५/१५ जना | ३९० घण्टा | पछि तय गरिने |
| ३. | नेपाली पोशाक दौरा सुरुवाल र गुन्यु चोलि सिलाई-कटाई तालिम | ३० जना | पाठ्ययोजना अनुसार | पछि तय गरिने |
| ४. | हाते ट्र्याक्टर र पावर ट्रिलर मर्मत तालिम | १५ जना | पाठ्ययोजना अनुसार | पछि तय गरिने |
| ५. | गड्यौलाबाट कम्पोष्ट मल बनाउने तालिम | ३० जना | पाठ्ययोजना अनुसार | पछि तय गरिने |
| ६. | सैलुन व्यवसाय सञ्चालन गर्नका लागि सिप विकास तालिम | १५ जना | पाठ्ययोजना अनुसार | पछि तय गरिने |
| ७. | करुवालाई आधुनिकीरण गर्ने तालिम | १५ जना | पाठ्ययोजना अनुसार | पछि तय गरिने |
| ८. | फलाम जन्य सामाग्रीहरुको निर्माण तालिम | १५ जना | पाठ्ययोजना अनुसार | रैनादेवी छहरा गा.पा.-७,बल्डेङ्गढी |
| ९. | कार्यालय तथा अन्य संस्थाबाट प्रारम्भिक तालिम प्राप्त व्यक्तिहरुका लागि स्तरोन्नती तालिम | ३० जना | पाठ्ययोजना अनुसार | पछि तय गरिने |

नोटः

- निवेदक १८ बर्ष पूरा भएको, लुम्बिनी प्रदेश भित्र स्थायी बसोबास भएको हुनुपर्नेछ।(पाल्पा जिल्लाका स्थायी बासिन्दालाई प्राथमिकता हुनेछ)
- माथि उल्लेखित तालिम कार्यक्रमका लागि कम्तिमा १५ जना व्यक्तिहरुको आवेदन पेश नभएमा उक्त तालिम सञ्चालन गरिने छैन।
- बुदाँ नं.१ र २ तालिमको हकमा तालिम पश्चयात सीप परिक्षणमा समेत अनिवार्य सहभागी हुनुपर्नेछ।
- बुदाँ नं.८ तालिमको हकमा रैनादेवी छहरा गाँउपालिका वडा नं.-७,पाल्पा स्थायी बसोवास गरेका दलित समुदायका नागरिक हुनुपर्नेछ।
- स्तरोन्नती तालिमको हकमा प्रारम्भिक तालिम प्राप्त गरेको प्रमाण-पत्र पेश गर्नुपर्नेछ।
- प्रारम्भिक तालिमको हकमा यस भन्दा अगाडी सोही प्रकृतिको तालिम नलिएको स्वघोषणा पेश गर्नुपर्नेछ।
- प्रशिक्षार्थीको योग्यता,छनौट,आचारसंहिता तथा तालिम सम्बन्धि अन्य कार्यविधि लुम्बिनी प्रदेश सरकारको "व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि, २०८०" बमोजिम हुनेछ।
- तालिम आवेदन फारम यस कार्यालयबाट वा मन्त्रालयको वेवसाइट www.moletm.lumbini.gov.np मा रहेको "व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि, २०८०" को अनुसूची-२ बाट वा कार्यालयको फेसबुक पेज घरेलु उद्योग कार्यालय पाल्पा बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

(थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय,पाल्पाको फोन नं.०७५-५२०२३२ वा उद्यम विकास सहजकर्ता (मनोज घिमिरे) को मो.नं. ९८४७०६७५६४ मा सम्पर्क गर्न सकिनेछ।)

उद्योग अधिकृत

घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा